## मिति २०८०।०९।२४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को आठौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १** आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत कुल बजेटमा थप संशोधनका लागि जम्मा रु.७ करोड ३३ लाख बजेट स्वीकृतीको लागि नगर सभामा पेश गर्ने, साथै थप संशोधित आय अनुमानको अधिनमा रही यस आ.व.मा कार्यपालिकाबाट निर्णय भएका योजनाहरु एवं माग र औचित्यको आधारमा नगर प्रमुख स्तरीय निर्णयबाट छनौट हुने योजनाहरु स्वीकृतीको लागि नगर सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि राष्ट्रिय योजना आयोगमा समपुरक तथा विशेष अनुदान अन्तरगत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरियो।

| | | |
|---|---|---|
| **समपुरक अनुदान तर्फ** | | |
| १ | वडा नं. २ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ४० लाख |
| २ | वडा नं. १३ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ४० लाख |
| ३ | वडा नं. (१-९) को गैंडाकोट रिङरोड निर्माण | अनुमानित लागत १ करोड ५० लाख |
| **विशेष अनुदान तर्फ** | | |
| १ | मुकुन्दसेन दरबार संरक्षण एवं पुननिर्माण वडा नं. ३ | अनुमानित लागत १ करोड |
| २ | क्रिकेट खेलमैदान निर्माण वडा नं.९ | अनुमानित लागत १ करोड |
| ३ | वडा नं. (१०-१७) को गैंडाकोट रिङरोड निर्माण | अनुमानित लागत १ करोड |
| ४ | पोषण मैत्री नगर निर्माण | अनुमानित लागत १ करोड |

**निर्णय न. ३** गैंडाकोट नगरपालिका वडाहरुबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १ | लोकतान्त्रिक मार्ग प्रतिभा टोल | रु.५,००,०००/- | मिलिजुली मार्ग स्तरोउन्नति | रु.५,००,०००/- |
| १ | नारायणी मार्ग बाटो स्तरोउन्नति आदर्श टोल | रु.५,००,०००/- | मिलन मार्ग देखि शान्ति मार्ग कालोपत्रे | रु.१३,००,०००/- |
| १ | सलाई फ्याक्ट्रि देखि मन्दिरबाटो स्तरोन्नति | रु.८,००,०००/- | | |
| २ | सूर्य विनायक मार्ग निर्माण धौलागिरि टोल | रु.१,५०,०००/- | सुदर्शन र भिम मार्ग धौलागिरि टोल | रु.१,५०,०००/- |
| ७ | समला टोल कल्भटबाट उत्तरतर्फको बाटो निर्माण | रु.३,००,०००/- | समला टोल अन्तर्गतका बाटो निर्माण | रु.७,००,०००/- |
| ७ | समला टोल बाटो स्तरोन्नति | रु.४,००,०००/- | | |
| ७ | नारायणी मा.वि.गाडी खरिद् | रु.४,००,०००/- | कृषि सिंचाई पाईप खरिद् | रु.३,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १४ | गोरखनाथ मन्दिर | रु.१,०२७,८३०० /- | बराहीदेवी मन्दिर शिर्षकमा थप हुने | रु.१,००,०००/- |
| १४ | विद्युत पोल तार | रु.१०,००,००० /- | तारानगर टोल विकासमा विद्युतविस्तार | रु.७,००,०००/- |
| | | | जलदेवी टोल विकास संस्था अन्तर्गत एकतर्फि वाल निर्माण | रु.२,५०,०००/- |
| ११ | सुनबर्षा चेम्बर निर्माण | रु.५,००,०००/- | सुनबर्षा चेम्बर बरपर बाटो निर्माण | रु.५,००,०००/- |

**निर्णय नं. ४** मिति२०८० कार्तिक १६ गतेको कार्यपालिका बैठकबाट भएको निर्णय बमोजिम गैंडाकोट नगरपालिकाको आ.व.२०८०\०८१का लागि स्वीकृत भएका योजनाहरुको कार्यान्वयनका लागि योजना तथा कार्यक्रमहरुको अन्तिम सम्झौता मिति २०८० पौष मसान्त भित्र अनिवार्य सम्झौता गरी योजनाहरुको कार्यान्वयन गर्न भनी निर्णय भएकोमा पुनः अन्तिम एकपटकको लागि २०८० माघ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको आ.व.२०७८/०७९ र आ.व.२०७४/०७५ को मलेपको प्रतिवेदनबाट उल्लेखित बेरुजुको सम्बन्धमा गैंडाकोट नगरपालिकाको लेखा समितिबाट अध्ययन एवं छलफल भई प्राप्त प्रमाणका आधारमा आ.व.२०७८/०७९ को रु.५८,२२,२६२/- र आ.व.२०७४/०७५ को रु. २५,३९,६१२/- गरी कुल जम्मा रु.८३,६१,८७४/- बेरुजुलाई नियमित गर्न नगर सभाको १४ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख